# प्रभु बैंक लिमिटेड

## काठमाडौं ११, बवरमहल

## बीसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट) विवरण

**१. सभाको बैधानिकता र सभा सञ्चालन :**

यस प्रभु बैंक लिमिटेडको मिति २०७८/०८/२२ गते बसेको सञ्चालक समितिको दुई सय एकतीसौं बैठकको निर्णय अनुसार बोलाइएको बीसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूको अध्यक्षतामा आज मिति २०७८ साल पौष १८ गते आईतवार तदनुसार सन् २०२२ जनवरी ०२ तारेखका दिन बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११, बवरमहलमा बस्यो । पूर्व निर्धारित बिषयहरु उपर बिहानको ११:०० बजेबाट दिनको २:४५ बजेसम्म छलफल भई देहाय बमोजिमका काम कारवाही सम्पन्न भयो । साधारण सभाका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाइएको, बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५२.११ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल १,२७९ जना शेयरधनीहरु (स्वयं, भर्चुअल तथा प्रतिनिधी (प्रोक्सी) मार्फत) उपस्थित भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरवालाहरुले साधारण सभा बैधानिक भएको यकिन गरे पश्चात कम्पनी सचिवले सभा बैधानिक भएको कुरा अवगत गराउनुभयो ।

**२. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिका लागि बीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय तथा छलफल हुने बिषयहरु सहितको विवरण खुलाई मिति २०७८/०८/२४ गते राष्ट्रियस्तरको अन्नपूर्ण पोष्ट दैनिकमा पहिलो पटक र मिति २०७८/०८/२५ गते राष्ट्रियस्तरको राजधानी दैनिकमा दोश्रो पटक सूचना प्रकाशित गरिएकोमा सो सूचना र साधारण सभासँग सम्बन्धित कागजात शेयरधनीहरुको दर्ता किताबमा उल्लेखित ठेगानामा पठाइनुका साथै बैंकको वेवसाइट www.prabhubank.com मा राखिएको, सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्नेगरी हाजिर पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको तथा विश्वभर महामारीका रुपमा फैलिएको कोभिड -१९ को जोखीमका कारण नेपाल सरकारले तोकेको सीमाभित्र मात्र शेयरधनीहरु वार्षिक साधारण सभामा प्रवेश गर्न सक्ने भएकाले शेयरधनीहरुको उपस्थितिका लागि भर्चुअल माध्यमबाट समेत उपस्थित गराउने व्यवस्था गरिएको थियो ।

**३. छलफलका बिषयहरु :**

(क) **सामान्य प्रस्ताव :**

१. आ.व.२०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ का लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को ०.६३ प्रतिशतले हुने रु.७,१६,६५,६२५/- (रु.सात करोड सोह्र लाख

PRABHU BANK Head Office

पैंसठ्ठी हजार छ सय पच्चीस मात्र) कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

(ख) **विशेष प्रस्ताव** :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को १२ प्रतिशतले हुने रु.१,३६,१६,४६,८७६/- (रु.एक अर्व छत्तीस करोड सोह्र लाख छयालीस हजार आठ सय छयहत्तर मात्र) बराबरको वोनस शेयर वितरण गर्ने तथा वोनस शेयर वितरणका कारणले बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. प्रबन्धपत्र, नियमावलीका बिभिन्न दफा/नियम संशोधन गर्ने ।

५. प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र, नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. विविध ।

४. **उपस्थिति** :

(क) **सञ्चालकहरुको उपस्थिति** :

| | |
|---|---|
| १. श्री लिला प्रकाश सिटौला | अध्यक्ष |
| २. श्री रमेश सिंह खड्का | सञ्चालक |
| ३. श्री शंकर प्रसाद कालिकोटा | सञ्चालक |
| ४. श्री रामेश्वर सापकोटा | सञ्चालक |
| ५. श्री ऋषिराम गौतम | सञ्चालक |
| ६. श्री अञ्जु अधिकारी | सञ्चालक |
| ७. श्री प्रमोद घिमिरे | सञ्चालक |

(ख) **उपस्थित विशेष अतिथीहरु** :

| | |
|---|---|
| १. श्री देवी प्रकाश भट्टचन | पूर्व अध्यक्ष प्रभु बैंक लिमिटेड |

(ग) **उपस्थित अतिथीहरु** :

| | |
|---|---|
| १. श्री अम्बिका शर्मा लामिछाने | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| २. वरिष्ठ अधिवक्ता श्री शम्भु थापा | कानूनी सल्लाहाकार |
| ३. अधिवक्ता श्री भिमसेन वन्जारा | कानूनी सल्लाहाकार |
| ४. श्री अनुप कुमार श्रेष्ठ | बाह्य लेखापरीक्षक |

PRABHU BANK
Head Office

(घ) **उपस्थित बैंक (कम्पनी) का पदाधिकारीहरुको विवरण** :

| | |
|---|---|
| १. श्री अशोक शेरचन | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित भण्डारी | कम्पनी सचिव |

(ङ) **उपस्थिति पर्यवेक्षक/प्रतिनिधिहरुको विवरण** :

| | |
|---|---|
| १. श्री दिवाकर शर्मा | कम्पनी रजिष्ट्रारको कार्यालय |

५. **गणपुरक संख्या प्रतिशत** :

| | |
|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या | ११,३४,७०,५७३ |
| शेयरधनीहरुको कुल संख्या | १,४३,४६६ |
| संस्थापक शेयरधनीहरुको संख्या | ७४१ |
| सर्वसाधारण शेयरधनीहरुको संख्या | १,४२,७२५ |
| स्वयम् उपस्थित शेयरधनीहरुको संख्या | २५७ |
| भर्चुअल मार्फत उपस्थित शेयरधनीहरुको संख्या | ९६६ |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | ५६ |
| कुल उपस्थित शेयरधनीहरुको संख्या | १,२७९ |
| स्वयं उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | १,८४,४३,१७८ |
| भर्चुअल मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | १,९४,४०,६७८ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | २,१२,४६,७९४ |
| कुल प्रतिनिधित्व भएको शेयर संख्या | ५,९१,३०,६५० |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ५२.११ प्रतिशत |

६. **सभा सञ्चालन** :

(क) उद्घोषक कम्पनी सचिवले सभालाई बैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम साधारण सभाको सभापतित्व गर्न सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूलाई अनुरोध गर्नुभयो ।

(ख) अध्यक्षज्यूले साधारण सभामा उपस्थित बैंकका सञ्चालकहरु, आमन्त्रित विशेष अतिथी तथा अतिथीहरु, बिभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधीहरु, साधारण सभामा सहभागी संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, बैंकका प्रमुख कार्यकारी अधिकृतले आसन ग्रहण गरे पश्चात पूर्व निर्धारित बिषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि साधारण सभा सञ्चालन गर्न कम्पनी सचिवलाई अनुमति प्रदान गर्नुभयो ।

७. **प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य** :

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचनले बीसौं वार्षिक साधारण सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, बिषेश अतिथी, साधारण सभामा स्वयं तथा प्रविधिको माध्यमबाट उपस्थित हुनुभएका संस्थापक एवं सर्वसाधारण शेयरधनी महानुभावहरु, बिभिन्न निकायबाट उपस्थित प्रतिनिधिहरु, पत्रकार तथा बैंकका कर्मचारीहरुलाई स्वागत गर्दै हरेक बर्षजस्तै यस बर्ष पनि समयमै वार्षिक साधारण सभा गर्न सक्षम भएको, बिगत २ बर्षदेखि विश्वव्यापीरुपमा फैलिएको कोभिड - १९ को महमारीको नकारात्मक असरबाट समग्र बैंकिङ्ग क्षेत्र अछुतो नरहेको, बैंकले आशातित सफलता हासिल गर्न नसकेतापनि बिभिन्न सूचकाङ्कहरुका आधारमा उल्लेखनिय प्रगती हासिल गरेको, बिगतमा बिभिन्न किसिमका अप्ठ्यारा तथा चुनौतिहरु पार गर्दै बैंकलाई यस अवस्थासम्म ल्याई पुऱ्याईएकोमा

prabhu Bank
Head Office

आगामी दिनमा बैंकबाट प्रदान गरिने सेवा, सुविधाहरु विस्तार गरिने, सुरक्षाको दृष्टिकोणबाट थप बलियो बनाउँदै लगिने तथा कर्मचारीहरुको सीप विकास गर्दै लगिने जानकारी गराउँदै देशको अर्थतन्त्रलाई चलायमान राख्नका लागि अर्थतन्त्रका बिभिन्न क्षेत्रमा सहुलियत दरका कर्जा प्रदान गर्दै लगिने, बैंकको वासलातको आकार रु.२१६ करोड, निक्षेप रु.१७० करोड, कर्जा लगानी रु.१४२ करोड र खुद मुनाफा रु.१७२ करोड भई अघिल्लो बर्षकोभन्दा ४४ प्रतिशत बढी मुनाफा आर्जन गरेको, नेपाल राष्ट्र बैंकले ल्याएको ब्याज छुट सम्बन्धी नीतिगत व्यवस्था र असल कर्जामा समेत थप ०.३० प्रतिशत Provision गर्नु परेको कारणले बैंकको मुनाफा घट्न गएको व्यहोरा जानकारी गराउनु भयो । बैंकिङ्ग क्षेत्रले बेहोर्नु परेको तरलता अभावका बावजुद पनि बैंकले निक्षेप घट्न नदिएको, अहिलेको विषम परिस्थितमा निक्षेप तथा कर्जा लगानीलाई संतुलितरुपमा अघि बढाएको तथ्य प्रकाश पार्दै अघिल्लो आर्थिक वर्ष देशका बिभिन्न स्थानमा ६ वटा शाखा र ९ वटा एक्सटेन्सन काउन्टर खोलिएको, नेपालको सबैभन्दा ठुलो तरकारी केन्द्र कालिमाटी तरकारी बजार, भाटभटेनी डिपार्टमेण्टल स्टोरका नेपालभर रहेका शाखा लगायत अन्य बिभिन्न स्थानमा रहेका साना ठुला पसलहरुमासमेत QR Code मार्फत रकम भुक्तानी गर्ने सेवा सुरु गरिएको, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत अन्य संस्थासँगको सहकार्यमा त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौंमा अक्सिजन प्लान्ट जडान गरिएको र देशका सातै वटा प्रदेशमा रहेका बिभिन्न सरकारी अस्पतालहरुलाई बालबालिकाका लागि आवश्यक पर्ने १० वटा ICU Bed खरिद गर्न सहयोग गर्ने प्रतिवद्धता जनाईएको, अर्थतन्त्रमा सबै क्षेत्रको सहभागिता बढाउनका लागि कान्तिपुर मिडिया ग्रुपसँगको सहकार्यमा प्रत्येक बर्ष प्रभु कान्तिपुर इकोनमिक समिट आयोजना गर्ने गरिएको जानकारी गराउँदै शेयरधनीहरुबाट प्राप्त हुने अमुल्य सुझावलाई यथासंभव कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता व्यक्त गर्दै बैंकको वितरण योग्य मुनाफाबाट आ.व.२०७७/०७८ को चुक्ता पूँजीको १२ प्रतिशत वोनस शेयर तथा कर प्रयोजनका लागि ०.६३ प्रतिशत नगद लाभांश वितरण गर्न लागिएकोमा आगामी वर्ष प्रतिफल बृद्धि गरिने धारणा व्यक्त गर्दै सभामा भाग लिने सम्पूर्ण व्यक्तिहरुलाई पुन: स्वागत गर्दै बीसौं वार्षिक साधारण सभा भव्यरुपमा सफल पार्न अनुरोध गर्नुभयो ।

८. **सभामा प्रस्तावहरुको प्रस्तुति :**

(क) सभामा सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूले बैंकको आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

(ख) सभामा उद्घोषण गरिरहनु भएका कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूको आदेश बमोजिम शेयरधनी महानुभावहरुलाई माथि ३ नंबरमा उल्लेखित छलफलका बिषयहरु उपर छलफल गरी निर्णय गर्न फ्लोर (Floor) खुला गरेको जानकारी गराउँदै छलफलको कार्यक्रम अघि बढाउन अनुरोध गर्नुभयो ।

९. **शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य :**

सञ्चालक समितिका अध्यक्ष तथा यस सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुती पश्चात सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफल गर्न शेयरधनीहरु श्री अशोक उप्रेती, श्री चन्द्र नारायण श्रेष्ठ, श्री गुणराज भट्ट, मेजर श्री कुवेर श्रेष्ठ, श्री सत्रुघन श्रेष्ठ, श्री पूण्य प्रसाद अर्याल, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री डम्मरु बल्लभ घिमिरे, श्री लवराज जोशी, श्री उत्तमदत्त पाण्डे, श्री शिब प्रसाद पौडेल र श्री सिर्जना तिम्सिनासमेत १३ जनाले स्यवं उपस्थित भई, शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री भक्ति प्रसाद उप्रेती र श्री राम गोपाल महर्जनसमेत ३ जनाले भर्चुअल माध्यमबाट र शेयरधनीहरु श्री कृष्ण प्रसाद अधिकारी र श्री सुनिता भट्टराईसमेत २ जनाले लिखितरुपमा वार्षिक साधारण सभाको सफलताको शुभकामना सहित आ-आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नुभयो ।

बिभिन्न बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर बनेको यस बैंकको बीसौं वार्षिक साधारण सभा विश्वभर फैलिएको कोभिड -१९ को महामारीका बीच पनि प्रचलित कम्पनी ऐन तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्र गर्न सफल भएकामा धन्यवाद प्रदान गर्दै बैंकका बिभिन्न सुचकाङ्कहरुमा उल्लेखनिय सुधार भएको देखिएकाले बैंक मजवुतरुपमा स्थापित हुँदै गएकाले

prabhu Bank
Head Office

आभार व्यक्त गर्दै आ.व.२०७७/०७८ को वितरण योग्य मुनाफाबाट १२ प्रतिशत वोनस शेयर तथा कर प्रयोजनका लागि नगद लाभांश वितरण गरी पूँजी बृद्धि गर्न लागेकोमा धन्यवाद प्रदान गर्दै आगामी वर्षदेखि वोनस बढाउनेतर्फ ध्यान दिनुपर्ने, ब्याज तिन नपर्ने आम्दानी बृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउन, बैंकको निष्कृय कर्जा (Non Performing Loan) घटिरहेको भएतापनि अझै घटाउन ध्यान दिनुपर्ने, खुद ब्याज आम्दानी (Net Interest Income) तथा साधारण जगेडा कोष (General Reserve) बृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने, बैंकको कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) सुविधाजनक अवस्थामा रहेकोमा बैंक व्यवस्थापन एवं सञ्चालक समितिप्रति आभार व्यक्त गर्दै बैंकको उपस्थिती न्यून रहेको प्रदेशमा मजवुतरुपमा रहेका संस्थालाई गाभ्न पहल गर्नुपर्ने, बैंकको Core Banking System सुरक्षित राख्न ध्यान दिनुपर्ने, वासलात बाहिरको कारोवारबाट उल्लेखनिय आम्दानी गरेको भएतापनि त्यसलाई अझै बृद्धि गरी नाफा बढाउन ध्यान दिनुपर्ने, कर्मचारी खर्च र अन्य सञ्चालन खर्चमा बृद्धि भएको देखिएकाले उक्त खर्च नियन्त्रण गरी नाफा बृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिँदै आगामी दिनमा त्यस्ता कार्य गर्दा बैंकको Branding का लागि उपयोग गर्न ध्यान पुऱ्याउनु पर्ने, बैंकले सकार गरेका गैर बैंकिङ्ग सम्पत्ति बिक्री गरी नाफा बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने, बैंकले बिभिन्न समयमा अपलेखन (Write Off) गरेका कर्जा असुल उपर गर्न विषेश ध्यान दिनुपर्ने, उठ्न बाँकी रहेका ब्याज उठाउन बिशेष पहल गर्नुपर्ने, बैदेशिक ऋण भित्र्याउने सम्बन्धमा पहल गर्न, बैंकका गतिविधीहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाउन र साधारण सभाबाट पारित वोनस शेयर समयमै सूचीकरण गर्ने व्यवस्था मिलाउन सुझाव दिनुभयो ।

गैर कोषमा आधारित कारोवार, विदेशी विनिमय र विप्रेषण सम्बन्धी कारोवार अझै बृद्धि गरी नाफा बढाउन ध्यान दिनुपर्ने, बैंकको आकार ठुलो भएकाले संस्थागत सुशासनतर्फ विशेष ध्यान दिनुपर्ने, बैंकले अन्य बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रस्ताव पेश गरिएकोमा अन्य बैंक तथा वित्तीय संस्था गाभ्दा आफ्नो मजवुत पहिचान कायम हुनेगरी प्रभु बैंक लिमटेडको नेतृत्वमा गाभ्न र क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लिमिटेडलाई एक्विजिसन (प्राप्ति) गर्ने सम्बन्धमा भईरहेको प्रगतीका सम्बन्धमा सभालाई जानकारी गराउन अनुरोध गर्दै बीसौं वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो ।

१०. **सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य उपर अध्यक्षज्यूको जवाफ** :

विश्वभर फैलिएको कोभिड -१९ को महामारीले सिर्जना गरेको असामान्य एवं जटिल परिस्थितिका बीच पनि प्रविधिको विकासले गर्दा प्रचलित कम्पनी ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्र भर्चुअल माध्यमबाट वार्षिक साधारण सभा गर्दा १८ जना शेयरधनी महानुभावहरुले आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नुभएकोमा खुशी लागेको धारणा व्यक्त गर्दै वासलातको संरचना एवं अन्य वित्तीय परिसूचकको विश्लेषणका आधारमा बैंकको अवस्था मजवुत रहेको, अघिल्ला वर्षहरुको तुलनामा निष्कृय कर्जा (Non Performing Loan) क्रमशः घटिरहेको भएतापनि त्यसलाई अझै घटाउन ध्यान दिईने, खुद ब्याज आम्दानी (Net Interest Income) तथा साधारण जगेडा कोष (General Reserve) बृद्धि गर्न ध्यान दिईने, वासलात बाहिरको कारोवार बृद्धि गरी नाफा बढाउनेतर्फ ध्यान दिईने, कर्मचारी खर्च र अन्य सञ्चालन खर्च नियन्त्रण गरी नाफा बृद्धि गर्न पहल गरिने, सञ्चालक समितिबाट स्वीकृत संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यविधी अनुरुप संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्य गरिरहेकोमा त्यसलाई निरन्तरता दिईने तथा त्यस्ता कार्य गर्दा बैंकको Branding का लागि उपयोग गर्ने गरिएको, बैंकले सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति समय समयमा बिक्री गर्ने गरिएको, बिभिन्न समयमा अपलेखन (Write Off) गरिएका कर्जा तथा उठ्न बाँकी रहेको ब्याज असुल उपर गर्न बिशेष पहल गरिएको, बैदेशिक ऋण भित्र्याउने सम्बन्धमा प्रकृया अगाडी बढाईएको, बैंकको Core Banking System सुरक्षित बनाउन विशेष ध्यान दिँदै बिभिन्न भरपर्दा उपायहरु अवलम्वन गरिएको, बैंकका गतिविधीहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाईने, वार्षिक साधारण सभाबाट पारित वोनस शेयर समयमै सूचीकरण गर्न पहल गरिने, गैर कोषमा आधारित कारोवार, विदेशी विनिमय र विप्रेषण सम्बन्धी कारोवार बृद्धि गरी नाफा बढाउन ध्यान दिईने, संस्थागत सुशासन तर्फ सदैव ध्यान दिने

prabhu Bank
Head Office

गरिएकोमा त्यसलाई निरन्तरता दिईने, बैंकको पहिचान कायम गरी आफ्नै नेतृत्वमा अन्य बैंक तथा वित्तीय संस्था गाभ्न पहल गरिने, क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लिमिटेडलाई एक्विजिसन (प्राप्ति) गर्ने सम्बन्धमा भईरहेको प्रगतीका सम्बन्धमा जानकारी गराउँदै शेयरधनीहरुको मागलाई हृदयंगम गर्दै आगामी वर्ष बैंकको खुद मुनाफा बृद्धि गरी वोनस वितरण गर्न व्यवस्थापनलाई निर्देशन गरिएको जानकारी गराउँदै शेयरधनीहरुबाट प्राप्त हुन आएका अन्य अमूल्य सुझावहरुलाई आगामी दिनमा यथासंभव कार्यान्वयन गरिने व्यहोरा जानकारी गराउनु भयो ।

११. **साधारण सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव तर्फ :**

१. आ.व.२०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी आ.व.२०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७७/०७८ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ का लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बैंकको आ.व.२०७८/०७९ को लेखापरीक्षण गर्न BRS Neupane & Company, नक्साल काठमाडौंका चार्टर्ड एकाउण्टेण्ट्स, श्री अनुप कुमार श्रेष्ठलाई मूल्य अभिवृद्धि कर बाहेक पारिश्रमिक रु.१४,००,०००/- (रु.चौध लाख मात्र) र अन्य खर्च देहाय बमोजिम प्रदान गर्नेगरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरियो ।

**अन्य खर्च :**

अ. हवाई टिकट/यातायात : बैंक आफैले प्रदान गर्ने वा लेखापरीक्षकले बोर्डिङ पास सहित हवाई टिकटको बील/यातायातको बील पेश गरेपश्चात सोधभर्ना गर्ने ।

आ. उपत्यका भित्रका शाखा/कार्यालयको लेखापरीक्षणमा संलग्न अडिट फर्मका कर्मचारीलाई प्रतिदिन खाजा वापत मुल्य अभिवृद्धि करसमेत रु.३००/- उपलब्ध गराउने ।

इ. उपत्यका बाहिरका शाखा/कार्यालयको लेखापरीक्षण गर्दा देहाय बमोजिम हुनेगरी भ्रमण भत्ता उपलब्ध गराउने ।

क. फर्मका प्रिन्सिपल वा पार्टनरलाई प्रतिदिन मुल्य अभिबृद्धि करसमेत रु.७,५००/-

ख. चार्टर्ड एकाउन्टेण्ट वा टोली प्रमुखलाई प्रतिदिन मुल्य अभिबवृद्धि करसमेत रु.७,०००/-

ग. चार्टर्ड एकाउन्टेण्ट वा टोली प्रमुख बाहेक अन्य सदस्यलाई प्रतिदिन मुल्य अभिबृद्धि करसमेत रु.६,०००/-

प्रभु बैंक Head Office

५. आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को ०.६३ प्रतिशतले हुने रु.७,१६,६५,६२५/- (रु.सात करोड सोह्र लाख पैंसठ्ठी हजार छ सय पच्चीस मात्र) कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव उपर छलफल गरी आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को ०.६३ प्रतिशतले हुने रु.७,१६,६५,६२५/- (रु.सात करोड सोह्र लाख पैंसठ्ठी हजार छ सय पच्चीस मात्र) वोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को १२ प्रतिशतले हुने रु.१,३६,१६,४६,८७६/- (रु.एक अर्व छत्तीस करोड सोह्र लाख छयालीस हजार आठ सय छयहत्तर मात्र) बराबरको वोनस शेयर वितरण गर्ने तथा वोनस शेयर वितरणका कारणले बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव उपर छलफल गरी आ.व.२०७७/०७८ मा कायम चुक्ता पूँजी रु.११,३४,७०,५७,२९९/- को १२ प्रतिशतले हुने रु.१,३६,१६,४६,८७६/- (रु.एक अर्व छत्तीस करोड सोह्र लाख छयालीस हजार आठ सय छयहत्तर मात्र) बराबरको वोनस शेयर वितरण गर्ने तथा वोनस शेयर वितरणका कारणले बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्रको दफा ६ को खण्ड (क), (ख) र (ग) मा देहाय बमोजिम हुनेगरी संसोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ६ को खण्ड (क), (ख) र (ग) मा गरिने संसोधन** :

६ (क) बैंकको अधिकृत पूँजी रु.१२,७०,८७,०४,१७५/- (रु.बाह्र अर्ब सत्तरी करोड सतासी लाख चार हजार एक सय पचहत्तर) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १२,७०,८७,०४१.७५ थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ख) बैंकको तत्काल जारी पूँजी रु.१२,७०,८७,०४,१७५/- (रु.बाह्र अर्ब सत्तरी करोड सतासी लाख चार हजार एक सय पचहत्तर) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १२,७०,८७,०४१.७५ थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ग) बैंकको तत्काल चुक्ता पूँजी रु.१२,७०,८७,०४,१७५/- (रु.बाह्र अर्ब सत्तरी करोड सतासी लाख चार हजार एक सय पचहत्तर) हुनेछ ।

२. बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

Prabhu Bank
Head Office

४. बैंकको प्रबन्धपत्रको दफा ५ को खण्ड (ट) अन्य बैंक वा भन्ने वाक्यांश पछि वित्तीय संस्था, (ठ) स्वदेशी वा विदेशी बैंक वा भन्ने वाक्यांश पछि वित्तीय संस्था, (ध) आफूकहाँ पहिले नै धितो रहीसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुन: एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा भन्ने वाक्यांश पछि वित्तीय संस्था, (र) आफू तथा अन्य कुनै बैंक तथा भन्ने वाक्यांश पछि वित्तीय संस्था र (श) आवश्यकतानुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य बैंक तथा पछि वित्तीय संस्था भन्ने वाक्यांश छुट हुन गएकाले माथि उल्लेखित बिभिन्न खण्डमा वित्तीय संस्था भन्ने वाक्यांश थप गरी संशोधन गर्नुपर्ने भएको तथा नियमावलीको नियम ३७ मा सञ्चालक समितिको बैठक अध्यक्ष वा कार्यकारी प्रमुख वा कम्पनी सचिवले बोलाउने व्यवस्था रहेकोमा नेपाल राष्ट्र बैंकको नीति एवं निर्देशन बमोजिम सञ्चालक समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउने र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले बोलाउन सक्ने व्यवस्था गर्नेगरी संशोधन गर्नुपर्ने भएकाले प्रबन्धपत्रको दफा ५ को खण्ड (ट), (ठ), (ध), (र) र (श) तथा नियमावलीको नियम ३७ मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने प्रस्ताव उपर छलफल गरी प्रबन्धपत्रको दफा ५ को खण्ड (ट), (ठ), (ध), (र) र (श) तथा नियमावलीको नियम ३७ मा देहाय बमोजिम हुनेगरी संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**दफा ५ को खण्ड (ट), (ठ), (ध), (र) र (श) मा गरिने संशोधन** :

**५. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** :

(ट) अन्य बैंक वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,

(ठ) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(ध) आफूकहाँ पहिले नै धितो रहीसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुन: एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चलअचल सम्पत्तिको पुन: धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुन: एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(र) आफू तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

(श) आवश्यकतानुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य बैंक तथा वित्तीय संस्थालाई कर्जा लिने दिने,

**नियम ३७ मा गरिने संशोधन** :

**३७. समितिको बैठक कसले बोलाउने** : समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउने छ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले समितिको बैठक बोलाउन सक्नेछ ।

५. प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र, नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी प्रबन्धपत्र, नियमावलीमा गरिने संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र, नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

Prabhu Bank
Head Office

६. विविध : बैंकको मिति २०७७/१२/२३ गते बसेको सञ्चालक समितिको दुई सय सातौं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्ति श्री लिला प्रकाश सिटौलालाई स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरेकोमा वहाँले मिति २०७८/०१/०२ गते स्वतन्त्र सञ्चालकको हैसियतले पदस्थापना गर्नु भएको र सोही मितिमा बसेको सञ्चालक समितिको दुई सय आठौं बैठकले निजलाई सञ्चालक समितिको अध्यक्ष चयन गरेकाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ (२) बमोजिम मिति २०७८/०१/०५ गते नेपाल राष्ट्र बैंकका गभर्नरज्यू समक्ष सपथ ग्रहण पश्चात अध्यक्षका रुपमा कार्यरत रहनु भएको व्यहोरा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (३) बमोजिम सभालाई जानकारी गराईयो ।

१२. सभाको अन्त्यमा अध्यक्षज्यूले सञ्चालक समितिका पदाधिकारी, संस्थापक तथा सर्वसाधारण शेयरधनी, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, ग्राहकवर्ग, बैकका शुभचिन्तक लगायत उपस्थित अतिथी तथा बिशेष अतिथीहरुप्रति आभार व्यक्त गर्दै बीसौं वार्षिक साधारण सभामा स्वयं तथा भर्चुअल माध्यमबाट सहभागी भई आफ्ना प्रश्न, जिज्ञासा तथा अमूल्य सुझाव प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नुहुने शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालयबाट उपस्थित पर्यवेक्षक, कानूनी सल्लाहाकार, बाह्य लेखापरीक्षक, पत्रकार तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिंदै बीसौं वार्षिक साधारण सभा समापन गर्नुभयो ।

PRABHU BANK
Head Office

अमित भण्डारी
कम्पनी सचिव
मिति : २०७८/०९/१८

लिला प्रकाश सिटौला
अध्यक्ष